आज मिति २०८२ साल पौष २[illegible] गते मंगलबारका दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तर्पासंलको उपस्थितिमा बसि देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कुमार भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरीमाया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम् माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री रामप्रसाद शर्मा | सचिव (प्र.प्र.अ) | |

Scanned with CamScanner

## २०८२ पौष २९ गतेका गाउँकार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १** — मिति २०८२/०९/०४ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु कार्यन्वयनको स्थिति सम्बन्धमा समिक्षा एवं छलफल गर्दा हाल सम्मको कार्यन्वयँनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २** — तपसिल बमोजिमका ऐन, कार्यविधीहरु गाउँ सभामा स्वीकृतिको लागि प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) कैलाश गाउँपालिकाको आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी सभामा पेश गर्ने प्रस्ताव

ख) कैलाश गाउँपालिकाको बेरुजु फस्योंट कार्यविधी २०८२ सम्बन्धी सभामा पेश गर्ने प्रस्ताब

ग) कैलाश गाउँपालिकाको लेखा समिति गठन तथा सञ्चालन कार्यविधी, २०८२ सम्बन्धी सभामा पेश गर्ने प्रस्ताव

घ) कैलाश गाउँपालिकाको गाउँ सभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधी, २०८२

**निर्णय नं. ३** — चालु आर्थिक वर्षको बजेट तर्जुमा गर्दा अ.ल्या. हुने रकममा अनुमान गरिए भन्दा बढी बचत भएको र सञ्चित कोषमा बजेटमा नपरेको रकम देखिएकोले उक्त रकमलाई समेत चालु आ.व. को बजेटमा समाहित गरी कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्न विनियोजन ऐन २०८२ मा देहाय बमोजिम संशोधन गर्न तयार भएको प्रस्ताव सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

### देहाय

१. विनियोजन ऐन २०८२ को दफा २ को सट्टा देहायको दफा २ राख्ने —

२. "दफा २. **आर्थिक वर्ष २०८२/२०८३ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः**

(१) विनियोजन ऐन २०८२ को दफा २ को सट्टा देहायको दफा २ राख्ने —

"दफा २. आर्थिक वर्ष २०८२/२०८३ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः

(१)आर्थिक वर्ष २०८२/२०८३ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५७,४३,५२,५४९/- (अक्षेरुपी सन्ताउन्न करोड त्रिचालीस लाख बाउन्न हजार पाँच सय उनन्चास रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।"

३. विनियोजन ऐनको अनुसूचि १ को सट्टा देहायको अनुसूचि -१ राख्ने

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

"अनुसूचि – १

(दफा २ संग सम्बन्धीत)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| | | गाउँ कार्यपालिका | ३,२९,५३५/- | २,४४,८१७/- | | ५,७४,३५२/- |
| | | वडा समिति | | | | |
| | | विषयगत शाखा | | | | |
| | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| | | लगानी \शेयर | | | | |

**निर्णय नं. ४** – चालु आ.व. मा स्वीकृत भएका देहाय बमोजिमका आयोजना / कार्यक्रमहरु अन्तर्गत केही आयोजनाहरु कार्यन्वयन हुन नसकेका, केही आय्योजनाहरुमा रकम बढी भएको तथा केही आयोजनाहरुमा रकम नपुग हुने र केही नयाँ आयोजनाहरु / कार्यक्रमहरु थप गर्नुपर्ने भएकोले चालु आर्थिक वर्षमा स्वीकृत कार्यक्रममा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

देहाय

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

१७ औं गाउँसभा हिउँदे अधिवेशनमा संशोधन, परिमार्जन, रकमान्तर तथा थप गर्नका लागि पेश भएको योजना तथा कार्यक्रमहरु

| गाउँपालिका तर्फ बजेट विवरण | | | |
|---|---|---|---|
| | | हालको बजेट विवरण | संशोधित बजेट विवरण |
| १ | चालु तर्फ | ९६७३७२०७ | ९५५९३१९२ |
| २ | पूँजीगत तर्फ | १२७३१०४०१ | १५३५६०४०१ |
| | जम्मा बजेट | २[illegible]४०४७६०८ | २४९१५३५९३ |
| | फरक बजेट(आन्तरिक श्रोतबाट मिलान गरिने) | २५१०५९८५ | |

| क.सं. | हटाउने / रकम संशोधन गर्नुपर्ने स्वीकृत कार्यक्रमहरु | | क.सं. | नयाँ कार्यक्रमहरु | |
|---|---|---|---|---|---|
| | १. कटौती / हटाईएका आयोजना / कार्यक्रमहरु | विनियोजित रकम | | १. नयाँ थप भएका आयोजनाहरु | विनियोजित रकम |
| १ | पदाधिकारी अवलोकन भ्रमण | ४००००० | १ | संघीय सरकारलाफ कर दाखिला | ९०३६७१ |
| २ | अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र शिविर (वडा १ देखि १०) | २००००० | २ | प्रजा विकास प्रा.वि. को छुट तलब रकम | ७५००० |
| ३ | जेष्ठ नागरिकहरूलाई न्यानो कपडा वितरण | ५००००० | ३ | दहत्तर बहत्तर बापतको संकलित रकम प्रदेशलाई फिर्ता | ८१४५१४ |
| ४ | कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण | ३००००० | ४ | कम्प्युटर, प्रिन्टर तथा ल्यापटप खरिद | १४०८००० |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सहकारीको पदाधीकारी तथा कर्मचारीहरूलाई COPOMIS तालिम | १००००० | ५ | न्यायीक समिति तथा मेलमिलाप कर्ता अवलोकन भ्रमण | ३००००० |
| ६ | न्वागी पर्व कार्यक्रम | २००००० | ६ | श्री कमला मा.वि.मा सिसि टिभी जडान | १८०००० |
| ७ | कर्मचारी पुनर्ताजगी तालिम | १००००० | ७ | लिक्चे घ्यान्सिङटार नेवारपानी मोटरबाटो डि.पि.आर. | १०००००० |
| ८ | कर्मचारी क्षमता विकास कर्यक्रम | २००००० | ८ | MSS तथा अतिआवश्यक सामाग्री खरिद | ५००००० |
| ९ | जनप्रतिनिधीहरुको क्षमता विकास | ३००००० | ९ | स्यार्सेकालिका क्षमा पुजा तथा व्यवस्थापन खर्च | ४००००० |
| १० | केउरेनी खानेपानी सरसफाई | ३००००० | १० | लामा प्रशिक्षण तथा व्यवस्थापन | २००००० |
| ११ | कालिका देवि मन्दिर निर्माण तथा संरक्षण (नौलेटोल) | ३००००० | ११ | मकवानपुर रिकभरिङ समुहलाई सहयोग अनुदान | १५०००० |
| १२ | बौद्ध वाल पेन्टिङ | ३००००० | १२ | श्री कालिका मा.वि. शौक्षिक व्यवस्थापन अनुदान | ३००००० |
| १३ | बुद्ध मूर्ति निर्माण | ३००००० | १३ | श्रव्यदृश्य सामाग्री निर्माण | २५०००० |
| १४ | टोपाखानी खोल्ची धुसराङ सडक मर्मत | २००००० | १४ | राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान, बागमती प्रदेश सहयोग अनुदान | २००००० |
| १५ | सलेनि सिंचाई मर्मत | २००००० | १५ | सवारी साधन खरिद | ६४०००० |
| १६ | खुड्किलो निर्माण सिमेन्ट खरित( राष्ट्रिया रोजगार साझेदार) | १००००० | १६ | १ नं. वडा कार्यालय भवन वायरिङ तथा मर्मत | ३००००० |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १७ | डाँडाखर्क स्वास्थ्य चौकी रंङरोगन तथा मर्मत | ३००००० |
| | | | १८ | २ नं. वडा कार्यालय तथा आधारभुत स्वास्थ्य भवन मर्मत तथा रङरोगन | ३००००० |
| | | | १९ | छ्याङदुङ खेल मैदान निर्माण | ३००००० |
| | | | २० | बैकुण्ठ खेल मैदान मर्मत | ३००००० |
| | | | २१ | तल्लो आमडाँडा चर्च बाँकी कार्य निर्माण | २००००० |
| | | | २२ | खिर्की भुक्टार सडक ग्रावल योजना | ३००००० |
| | | | २३ | तल्लो धुसराङ देउराली सडक मर्मत | २००००० |
| | | | २४ | ऋषेश्वर विद्यालय हुदै वडा कार्यालय भवन खुडकिलो निर्माण | १००००० |
| | | | २५ | सामुदायिक भवन निर्माण | २००००० |
| | | | २६ | सोला भञ्ज्याङ वाङ्गे सडक मर्मत | ३००००० |
| | | | २७ | पोखरी भञ्ज्याङ घलेटोल बाटो सोङलिङ | २००००० |
| | | | २८ | पुरानो व्यास मा.वि.को वाल निर्माण | ३००००० |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २९ | शाक्ती शाली आधारभुत विद्यालय भवन मर्मत | ३००००० |
| | | | ३० | नाम्तालिङ बेलदमार सडक | २००००० |
| | | | ३१ | भलिबल मैदान जालिबार निर्माण कैलाश ८ | २००००० |
| | | | ३२ | घुवाङ मा.वि.को राङचुराङ स्थित पुरानो भवन व्यवस्थापन | १५०००० |
| | | | ३३ | खेल मैदान घेराबार कैलाश ८ | १५०००० |
| | | | ३४ | ९ नं. वडा कार्यालय मर्मत तथा रङरोगन | ४००००० |
| | | | ३५ | कालीमाटी माथिल्लो वरेटार सडक स्तरीकरण कैलाश ९ | ३००००० |
| | | | ३६ | मन्याङकोट भलिबल ग्राउण्ड निर्माण | २००००० |
| | | | ३७ | सलेनी सिंचाई पम्प सेट खरिद योजना | २००००० |
| | | | ३८ | पुरानो गाउँ पुच्छार टोल कृषिसडक निर्माण | १००००० |
| | | | ३९ | कप्सेरी कृषि सडक मोड तथा वाल नाला निर्माणको लागि सिमेन्ट खरिद ( राष्ट्रिया रोजगार साझेदार) | १००००० |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | ४०००००० | | जम्मा | १२९२११८५ |
| | २. रकम घटाईएका आयोजनाहरु | कटौती भएको रकम | | २.रकम थप भएका आयोजनाहरु | विनियोजित थप रकम |
| १ | सरसफाईसेवा शुल्क | १००००० | १ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८००००० |
| २ | कागती ,एभोकाडो,जापनिज हलुवाबेद खेति विस्तार कार्यक्रम | ३००००० | २ | फास्टार सुकुभञ्ज्याङ्ग मोटरबाटो स्तरीकरण म्याचिङ फण्ड | २०००००० |
| ३ | अध्यक्ष संग किशोर किशोरी कार्यक्रम | २००००० | ३ | गाउँपालिका तालिम हल निर्माण | १७००००० |
| ४ | कार्यक्रम खर्च | २००००० | ४ | सौराहा टोल खानेपानी सरसफाई योजना (वडा नं. १) | ३००००० |
| ५ | समुदायमा १ दिवसीय कानुनी अनुशिक्षण कार्यक्रम तथा समुदाय सँग न्यायिक समिति कार्यक्रम | १००००० | ५ | कैलाश बैकुण्ठ पर्यटन पूर्वाधार निर्माण | ३००००० |
| ६ | अध्यक्ष कप खेलकुद कार्यक्रम | ४००००० | ६ | खोरभञ्याङ कृषि सडक स्तरीकरण | ३००००० |
| ७ | किशोरी आत्मा रक्षा कार्यक्रम | २००००० | | | |
| ८ | अनुगमन, मूल्यांकन खर्च | १००००० | | | |
| ९ | अन्य सहायता सम्मान तथा पुरस्कार | १००००० | | | |
| १० | भैपरी आउने चालु खर्च | २३०८००० | | | |
| ११ | हेभी सवारी साधन संवालन कोष | ३००००० | | | |

प्रमुख प्रशासकीय अधिकृत

... बहादुर सुनुवार
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | मेल मिलाप कर्ताको मेलमिलाप भत्ता तथा मेलमिलाप केन्द्र संचालन खर्च | ३००००० | | | |
| १३ | करार सेवा शुल्क | ५००००० | | | |
| १४ | मसलन्द तथा कार्यालय सामाग्री | ४६७२०० | | | |
| १५ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३००००० | | | |
| १६ | भैपरी आउने पुँजीगत खर्च | ४०००० | | | |
| १७ | १० शैया अस्पतालको लागि अपु जग्गा खरिद | १३००००० | | | |
| | जम्मा | ७२१५२०० | | जम्मा | २३४००००० |
| | कुल जम्मा | ११२१५२०० | | कुल जम्मा | ३६३२११८५ |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णय नं. ५** — चालु आर्थिक वर्षमा स्वीकृत तपसिल बमोजिमका आयोजनाहरुको लागि विनियोजित रकमबाट आयोजना अधुरो रहने, बर्षैबिच्छे ठेक्का गराउँदा अनावश्यक प्रशासनिक खर्च बढ्ने, काममा ढिलाई भई आयोजनाहरु रुग्ण अवस्थामा रहन सक्ने समस्यालाई समाधान गर्न आयोजनालाई बहुबर्षिय रुपमा कार्यन्वयन गरी लैजादा प्रभावकारी हुने देखिएकोले चालु आ.व. विनियोजित रकमबाट मात्र आयोजनाको धेरै काम गर्न नसकिने अवस्था देखिएकोले तपसिल बमोजिमका आयोजनाहरुमा तपसिल बमोजिमको रकम अर्को आ.व. मा समेत व्यवस्था गर्ने गरी श्रोत सुनिश्चितता गर्ने सम्बन्धी प्रस्ताव गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र. सं. | आयोजनाको नाम | विनियोजित रकम | सम्झौता रकम | लागत अनुमान | नपुग भई श्रोत सुनिश्चितता गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | मानेडाँडा रिङसाई आइति सडक (KRM/NCB/MRASS/BN-08/2082/083) | 25,00,000 (प्रदेश हस्तान्तरित ) | 23,52,996 । 13 | ३०,८३,०७७ | - |
| २ | फास्टार सुकु भञ्याङ्ग मोटरबाटो स्तरीकरण (KRM/UFSM/NCB-06/2082/83) | क्रमागत योजना माग गरि २०८३/०८४ सम्ममा ४ करोड सुनिश्चित भएको | सम्झौता बाँकी | ७,५७,०२,७८० | ३,५७,०२,७८० |
| ३ | मानेडाँडा बल्छीखोला सडक योजना (KRM/NCB/MDBKS/BN-09/2082/083) | २५,००,००० (संघिय शसर्त) | सम्झौता बाँकी | ३०,८१,८९७ | ५,८१,८९७ |
| ४ | मनहरी खोला पक्की पुल देखि नामटार कालिकाटार सडक (सल्याब ढलान तथा कालोपत्रे) | ३,३४,००,०००/- | | ४,४३,७८,३४८.२२/- | १,०९,७८,३४८.२२/- |

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुस्कान
अध्यक्ष

**निर्णय नं. ६** – राष्ट्रिय योजना आयोगको मिति २०८२/०८/२६ मा प्रकाशति सूचना बमोजिम संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/ कार्यक्रमका लागि प्रस्ताव आव्हान गरिएको हुँदा गाउँपालिकाबाट निम्न योजनाहरू पेश गर्ने निर्णय गरियो।

क. समपूरक योजना अन्तर्गत योजना तथा कार्यक्रमहरू:

| क्र.सं. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | फास्टार सुकुभञ्ज्याङ्ग मोटरबाटो स्तरीकरण | २ करोड ४६ लाख(१ करोड ८९ लाख संघीय समपुरक क्रमागत अनुदान र गा.पा. ५७ लाख | गत वर्षको क्रमागत |
| २ | लिक्चे घ्यान्सिटार नेवारपानी मोटरबाटो योजना | ४ करोड ( गा.पा. १ करोड २० लाँख र संघीय सरकार २ करोड ८० लाख) | क्रमागत |
| ३ | कालिकाटार गोगने मोटरबाटो | १ करोड ( गा.पा. ३० लाख र संघीय सरकार ७० लाख) | |

ख. विषेश अनुदान अन्तर्गत योजना तथा कार्यक्रमहरू:

| क्र.सं. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | चेपाङ्ग तथा अति विपन्न समुदायका (मातृ तथा बालबालिक) लागि पोषण सुधार कार्यक्रम | १ करोड | |
| २ | दलित, अल्पसंख्यक, लोपन्मुख तथा पिछिडिएको समुदायका लागि छात्रबास कार्यक्रम (कमला मा.वि. कैलाश -२ | २ करोड | |

**निर्णय नं. ७** – सडक बोर्ड नेपालको प.सं. २०८२/८३ च.नं. ६७९ मिति २०८२/०९/२८ को पत्रानुसार यस गाउँपालिका यसै आ.व. २०८२/८३ को लागि स्थानीय सडक मर्मत संभार कार्यको लागि साझेदारी योजना अन्तर्गत छ्याङदुङ पखेली सडक मर्मत, कैलाश २ को लागि सडकबोर्डले ७०% (५०००००/-), पालिकाले २०% (१,२५,०००/-) र स्थानीय समुदायबाट जनश्रमदान १०% (६२,५००/-) छुटयाउनुपर्ने भएकोले पालिकाको उक्त रकम भैपरी आउने पूजिगतबाट विनियोजन गर्ने सर्वसम्मतले निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर सुनान
अध्यक्ष

**निर्णय नं. ८ — विविध**

१. चालु आर्थिक वर्षको नेपाल सरकारको सशर्त अनुदान अन्तर्गत प्राप्त कार्यक्रम **"मकवानपुर जिल्ला कैलाश गाँउपालिका वडा नं २ तामाङ समुदायको ऐतिहासिक एवं सांस्कृतिक बैकुण्ठ गाउँ बस्ती विकास कार्यक्रम अन्तर्गत पूर्वाधार स्तरोन्नति कार्य"** आयोजनाको लागि प्राप्त रकमबाट उक्त स्थानमा तामाङ्ग समुदायको पुराना ऐतिहासिक घर, ऐतिहासिक जीवनशैलीमा प्रयोग हुने पुराना सामाग्रीहरु, पुरानो र ऐतिहासिक बस्ती रहेकोले उक्त रकमबाट त्यस्ता ऐतिहासिक घर संरचनाहरुको साथै तामाङ जातिको ऐतिहासिक कला संस्कृति र जीवन शैली झलक्ने घर सहितको तामाङ सामुदायिक पार्क निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाउने प्रस्ताव सभामा पेश गर्ने ।

२. गाउँपालिकाको स्वास्थ्य शाखामा अ.हे.व पद, सहायक चौथो तहमा कार्यरत नागेन्द्र कुमार यादव श्री सन्त अल्पमाई राम नारायण यादव नर्सिङ्ग कलेज, मलंगवा सर्लाहीमा छात्रबृत्ती कोटामा छनौट भई बागमती प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा (५९) बमोजिमको अध्ययन विदा पाउँ भनी यस कार्यालयमा मिति २०८२/०९/०४ मा निवेदन दिएकोले सोही ऐनको दफा (६३) को (क) बमोजिम निजले माग गरेको विदा सोही ऐनको दफा (५९) को उपदफा (४) बमोजिम हुने गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. मिति २०८२ पौष ४ गतेको कार्यपालिकाद्वारा स्वीकृत ढुंगा, गिटि, बालुवा उत्खनन्को लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार "गोराङ्दी दोभान देखि नाकछेडा (१) दोभान सम्म तथा गर्खा दोभान क्षेत्रको ६७२००१.६८ घ.फिट र घुमाउने (१), ल्याङराङ भाल्टार (२) दोभान र नामटार (१) दोभान क्षेत्रको ४३६११३.७२ घ.फि गरी जम्मा ११०८११५.४ घ.फि. उत्खनन गर्न वागमती प्रदेश को आर्थिक ऐनमा तोकिएको दररेटमा नघट्ने गरी आय ठेक्का लगाउने व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. मिति २०८२ साल मंसिर महिनाको १६ र १७ गतेको वर्षाका कारणले वडा नं. २ का श्रीलाल घिसिङका छोरा श्री अनिश घिसिङको घर क्षती भएको भनि निवेदन आएकोले उक्त घर मर्मतको लागि प्राविधिक इस्टेमेट बमोजिम रकम रु. ७२ हजार विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

५. श्री निर्मल मा.वि. विद्यालय, हे.उ.न.पा.-१९ बस्तीपुरको स्वर्ण जयन्तीको अवरमा मिति २०८२ पौष ९ देखी १२ गते सम्म आयोजित मकवानपुर जिल्ला पालिका स्तरीय भलिबल प्रतियोगितामा कैलाश गाउँपालिकाको खेलाडी सहभागी तथा व्यवस्थापन वातप रकम रु. १ लाख भैपरी आउने चालु शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

टीक बहादुर मुक्तान
अध्यक्ष

६. मिति २०८२ मंसिर २९ गतेका दिन इसाई एकता समाजद्वारा कैलाश गाउँपालिका स्तरीय येशु ख्रीष्टको जनमोत्सव (ख्रिष्टमस) शुभकामना आदानप्रदान कार्यक्रमलाई रकम रु. १ लाख भैपरी आउने चालु खर्चबाट भुक्तानी दिने निर्णय गरियो।

७. गाउँपालिकाको ढुङ्गा गिट्टि बालुवा संकलन तथा बिक्रिका लागि मिति २०८२/०९/०४ गतेमा IEE स्विकृत भई सकेकाले IEE प्रतिवेदनमा उल्लेखति परीमाण बिक्रि गर्नको लागि प्रदेशको आर्थिक ऐनमा तोकिएको दरलाई न्युनतम दररेट मानी कम्तिमा १०५ दिनको लागि प्राविधिक शाखाबाट पेश भएको स्मटिमेट रकम रु. ९०,१५,६२६.८९/- ( भ्याट तथा वातावरण शुल्क सहित) बराबर आय ठेक्काको लागि बढाबढको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

८. गाउँपालिका र श्री रेडक्स कन्सल्ट प्रा.लि., कान्तिपुर कोलोनी,२ ललितपुर विच भवानी मा.वि. छात्राबास डि.पि.आर. कार्यको भएको सम्झौता बमोजिम कार्य सम्पन्न गरि उक्त प्रा.लि. पेश गरेको डि.पि.आर प्रतिवेदन स्विकृत गरि सम्झौता बमोजिमको रकम निज प्रा.लि.लाई भुक्तानी दिन सर्वसम्मत निर्णय गरियो।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत